बैठक नं.६५

आज मिति २०७७/०५/३० गतेका दिन वुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज वहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम वहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु वहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी बराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

चित्र बहादुर गुरुङ - का.वा. वडाध्यक्ष -

**प्रस्ताव नं.६५.१**

**पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रमको योजना छनौट सम्बन्धमा ।**

**निर्णय नं. ६५.१ :**

संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रशासन तथा योजना महाशाखा, काठमाडौंको प्रदेश र स्थानीय तहमा साझेदारी मार्फत पर्यटकीय गन्तव्यहरुको विकास गर्न आयोजना/कार्यक्रम प्रस्ताव आव्हान सम्बन्धी मिति २०७७।०५।०२ गतेको सूचना अनुसार **पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका , २०७७** बमोजिम संघीय सरकारको **"पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम" अन्तर्गत** देहाय बमोजिमको आयोजनाको लागत अनुमानको कम्तीमा ५० प्रतिशत लागत बुटवल उपमहानगरपालिका र प्रदेश सरकार, ५ नम्बर प्रदेशले संयुक्त रुपमा साझेदारी गर्ने प्रतिवद्धता सहित देहाय बमोजिमको प्रस्ताव संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा स्वीकृतिका लागि पठाउने निर्णय गरियो ।

| **क.सं.** | **योजनाको नाम** | **ठेगाना** |
|---|---|---|
| १. | बटौली (जितगढी) युद्ध संग्रहालय निर्माण | बुटवल- ०१ |

**प्रस्ताव नं.६५.२**

**स्थानीय बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०७५ संशोधन सम्बन्धमा ।**

**निर्णय नं. ६५.२**

बुटवल उपमहानगरपालिकाको स्थानीय बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका २०७५ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**स्थानीय बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०७५ (संशोधन २०७७)**

| परिच्छेद | हालको व्यवस्था | थप वा संशोधन प्रस्ताव | कारण |
|---|---|---|---|
| प्रस्तावना | नेपालको संविधान बमोजिम...... .............. २०७५ पारित गरी लागु गरिएको छ । | विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न भन्ने वाक्यांश पछि **तथा बजार अनुगमन गर्ने सन्दर्भमा केही कसुर देखिएमा आर्थिक ऐन, २०७७ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी जरिवाना समेत गर्न** भन्ने वाक्यांश थप गर्ने । | दण्ड जरिवाना लगाउने अधिकार दिने ऐनको व्यवस्था समेत समावेश गर्न |
| परिच्छेद ३ | | **बुंदा नं ८ मा ८.(क ) थप गरिएको :**<br><br>८.(क) **स्थानीय बजार अनुगमन समितिः**<br><br>स्थानीय बजारलाई व्यवस्थित गर्न उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवम् मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गरी खाद्य सम्प्रभुता स्थापना गर्न, सेवा प्रदायक वा बिक्रेताको व्यवसायिक कारोवारको दर्ता, नवीकरण, खारेजी, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन तथा अनुगमन गर्न उपभोक्ता संरक्षण ऐन ,२०७५को दफा २८ बमोजिम उपमहानगरपालिकाले उप प्रमुखको संयोजकत्वमा **स्थानीय वजार अनुगमन समितिः** गठन गर्न सक्ने छ । | **प्रचलित ऐनले गरेको व्यवस्था संग तालमेल मिलाउन आवश्यक भएको** |

| | | | |
|---|---|---|---|
| | | १. स्थानीय बजार अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।<br><br>क.स्थानीय बजार व्यवस्थापनका लागि बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार तुल्याउन प्रचलित कानुनको कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।<br><br>ख.उपमहानगरपालिका क्षेत्र अन्तर्गत स्थापित वा संचालित उद्योग व्यवशायको दर्ता,नवीकरण, बिल बिजक तथा बिक्रीको लागि राखिएका मालवस्तुको नापतौल,गुणस्तर, लेबल, आपूर्ति, मूल्यसूचि आदिको अनुगमन गर्ने ।<br><br>(ग)कालोबजारी, एकाधिकार, मिलीमतोपूर्ण मूल्य निर्धारण, कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/नभएको अनुगमन गर्ने ।<br><br>(घ) नगरले व्यापार गर्न रोक लगाएको स्थान, सडक पेटी, फुटपाथ वा अन्य सार्वजनिक स्थलमा सामान राखी व्यापार गरे नगरेको अनुगमन गर्ने,<br><br>(ङ) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप, मिसावट वा गुणस्तरहिन र कम तौल भएको फेला परेमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने कारोवार रोक्का गर्ने वा बन्द गर्ने र बुँदा नं. १४ बमोजिम दण्ड तथा जरिवना गर्ने साथै आवश्यकता अनुसार थप कारवाहीको लागि सम्वन्धित निकायमा लेखि पठाउने<br><br>(च) स्थानीय वजार अनुगमन समितिको प्रतिवेदन चौमासिक रुपमा प्रमुख मार्फत नगर कार्यपालिका समक्ष पेश गर्ने । | |
| परिच्छेद ३ | ८.वजार अनुगमन टोली गठन | ८.(ख) वजार अनुगमन टोली गठन | साविकको बुँदा नं ८ लाई ८.(ख) बनाईएको |
| परिच्छेद ३ | ९.वजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार : बुँदा नं.८ (१) बमोजिम गठित बजार अनुगमन टोलीले अनुसूची २ बमोजिमका क्षेत्रमा प्रचलित कानून बमोजिम देहाय अनुसारका | ९. वजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार :<br>बुँदा नं. ८ (ख) १. बमोजिम गठित बजार अनुगमन टोलीले अनुसूची २ बमोजिमका क्षेत्रमा प्रचलित कानून बमोजिम देहाय अनूसारका कार्यहरु गर्नुपर्नेछ । | सो सम्वन्धी व्यवस्था संशोधन गरिएको ले |

<table>
<tr><td></td><td>कार्यहरु गर्नुपर्नेछ ।</td><td></td><td></td></tr>
<tr><td>परिच्छेद ४</td><td>(१४) कसुर तथा दण्ड जरिवाना</td><td>
१४ कसुर तथा दण्ड जरिवाना<br><br>
१४ (१) कुनै पनि व्यवसायीले देहायको काम कारवाही गरे वा गराएमा प्रचलित कानूनले अन्यथा व्यवस्था भएकोमा वाहेक यस निर्देशिका बमोजिम कसुर गरेको मानिने छ र उक्त कसुर गरेवापत स्थानीय वजार अनुगमन समितिले देहाय बमोजिमको जरिवाना गर्न सक्नेछ ।<br><br>
<table>
<tr><th>क.स</th><th>कसुर</th><th>जरिवाना रु.</th></tr>
<tr><td>क</td><td>विकी कक्षमा मूल्य-सूची(ग्राहकले सजिलै देख्ने ठाउमा नराखेको,नापतौलको लागि प्रयोग हुने ढक, तराजु लगायतका उपकरणहरूको विना प्रमाणीकरण प्रयोग गरेको, स्थायी लेखा नम्वर (PAN) वा Vat मा दर्ता नगरी व्यवसाय संचालन गरेको,</td><td>१५०० देखि २००० सम्म</td></tr>
<tr><td>ख</td><td>व्यवसायको साइनबोर्डमा दर्ता नं. उल्लेख नगरेको,</td><td>५००</td></tr>
<tr><td>ग</td><td>व्यवसाय दर्ता नगरी सञ्चालन गरेको वा व्यवसाय नवीकरण नगरी सञ्चालन गरेको</td><td>दर्ता/ नवीकरण दस्तुरको दोब्वर</td></tr>
<tr><td>घ</td><td>उपभोग्य/माल वस्तुको तोकिए बमोजिम परिमाण र तौल नभएको, उत्पादन मिति,उपभोग्य मिति स्पष्ट उल्लेख नभएको उपभोग्य वस्तु बिकी वितरण गरेको</td><td>५०००</td></tr>
<tr><td>ङ</td><td>तोकिए बमोजिमको गुणस्तर नभएको उपभोग्य वस्तु, कम तौल भएको निर्माण सामाग्री विकी वितरण गरेको</td><td>१००००</td></tr>
<tr><td>च</td><td>म्याद नाघेको सामाग्रीको विकी वितरण गरेको</td><td>१००००</td></tr>
<tr><td>छ</td><td>खरिद विकीको विल विजक राख्ने नगरेको,</td><td>२०००</td></tr>
<tr><td>ज</td><td>खाद्य अनुज्ञा पत्र(खाद्य उद्योगको लागि मात्र) नलिइ खाद्य वस्तु उत्पादन गरेको</td><td>१००००</td></tr>
<tr><td>झ</td><td>सडे गलेको माछा,मासु तथा अखाद्य वस्तु विकी वितरण गरेको</td><td>१५०००</td></tr>
<tr><td>ञ</td><td>होटल तथा रेष्टुरेण्टको भान्साको पारदर्शिता र उचित सरसफाइ नगरेको वा खानाको लागि प्रयोग हुने कच्चा पदार्थ स्वच्छ र सफा स्थानमा भण्डारण नगरेको वा विकीका लागि राखिएको खाद्यपदार्थ</td><td>७०००</td></tr>
</table>
</td><td>कसुर सम्बन्धी व्यवस्थालाई थप स्पष्ट पार्नको लागि,</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सुरक्षित रुपमा छोपेर राख्ने व्यवस्था नगरेको वा प्रशोधित र अप्रशोधित वस्तुहरुको अलग अलग भण्डारण नगरेको | |
| | | ट | पशुवध स्थलको सरसफाइ नगरि मासु जन्य पदार्थ बिक्री वितरण गरेको, | ५००० |
| | | ठ | सडक पेटी वा सो भन्दा बाहिर सार्वजनिक स्थलको प्रयोग गरी सामग्री बिक्रीका लागि राख्ने गरेको | १००० देखि २००० सम्म |
| | | ड | म्याद नाघेका औषधि बिक्री कक्षमा राखेको वा बिक्री गरेको | १०००० |
| | | ढ | औषधि बिक्रीका लागि अनुमति पत्र प्राप्त व्यक्ति ( फर्मासिस्ट)को व्यवस्था नगरेको | ५००० |
| | | ण | खाना पकाउने ग्यांस तोकिएको भन्दा कम तौलको भएको | १०००० |
| | | त | पेट्रोलियम पदार्थको मूल्य, तौल र परिमाण तोकिए बमोजिम नभएको | १०००० |
| | | थ | खरिद मूल्यमा २० प्रतिशत भन्दा बढी मुनाफा राखी मालवस्तु बिक्री वितरण गर्ने गरेको | ५००० |
| | | द | खाद्य वस्तुमा मिसावट गरी बिक्री वितरण गर्ने गरेको । | १०००० |
| | | ध | माल वस्तुको कृत्रिम अभाव सृजना गरेको | २०००० |
| परिच्छेद ४ | (१४) कसुर तथा दण्ड जरिवाना | १४(२) (साविकमा दफा १४ मा रहेको व्यवस्था यथावत) | | |
| परिच्छेद ४ | (१४) कसुर तथा दण्ड जरिवाना | १४ (३) कुनै पनि व्यवसायीले एकै प्रकृतिको कसुर पुनः दोहोऱ्याएमा स्थानीय बजार अनुगमन समितिले दोब्बर जरिवाना गर्न सक्नेछ ।<br>१४ (४) स्थानीय बजार अनुगमन समितिले अनुगमन गर्दा देखिएको कुनै कसुरको दण्ड सजायको लागि प्रचलित कानून बमोजिम अन्य निकायलाई सिफारिस गर्नुपर्ने देखिएमा कसुर उल्लेख गरी सजायको लागि सिफारिस गर्नेछ।<br>१४(५) दण्ड जरिवाना गर्ने अधिकारी: बुटवल उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी हुनेछ । | | |

प्रस्ताव नं. ६५.३

लैंगिक एवं मुलप्रवाहिकरण र पछाडि पारिएका व्यक्ति, वर्ग, समुदायको हित प्रवर्धन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा संशोधन सम्बन्धमा ।

निर्णय नं.६५.३

लैंगिक एवं मुलप्रवाहिकरण र पछाडि पारिएका व्यक्ति, वर्ग, समुदायको हित प्रवर्धन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

लैंगिक एवं मुल प्रवाहिकरण र पछाडि पारिएका व्यक्ति, वर्ग समुदायको हित प्रवर्धन गर्ने सम्बन्धी कार्यविधि, २०७५ (संशोधन २०७७)

| सि.नं. | ऐन, नियम, कार्यविधि | भएको व्यवस्था | थप हुनुपर्ने | हटाउनु पर्ने |
|---|---|---|---|---|
| १. | लैंगिक एवं मुल प्रवाहिकरण र पछाडि पारिएका व्यक्ति, वर्ग समुदायको हित प्रवर्धन गर्ने सम्बन्धी कार्यविधि, २०७५ | नियम १३ अपांग उत्थान नगर समन्वय समिति : बुटवल उपमहानगरपालिकाले अपागं उत्थान समन्वय समिति गठन गर्नेछ जसमा देहाय बमोजिमका सदस्यहरु रहनेछन:<br>अ)बुटवल उपमहानगरपालिकाको उपप्रमुख संयोजक<br>आ)बुटवल उपमहानगरपालिका कार्यपालिकाको निर्णयबाट मनोनित हुने अपागंताको क्षेत्रमा कियाशिल व्यक्ति १ जना सहसंयोजक<br>इ)अपागंता क्षेत्रका काम गर्ने गै.स.स मध्येबाट प्रमुख द्बारा मनोनित १ जना सदस्य<br>ई)सामाजिक विकास समितिका संयोजक १ जना सदस्य<br>उ)सामजिक शाखा हेर्ने अधिकृत स्तरको कर्मचारी सदस्यसचिव<br>नियम १४ समितिको काम ,कर्तव्य र अधिकार :<br>क)बुटवल उपमहानगरपालिका भित्र रहेका अपागंता भएका व्यक्तिहरुको तथ्याकं संकलन गर्ने गराउने ।<br>ख)बुटवल उपमहानगरपालिका भित्र सार्वजनिक भवन निर्माण गर्दा अपागंमैत्री भए नभएको अनुगमन गरी नभएको पाइएमा अपागंमैत्री बनाउन नगरपालिकालाई सिफारिस गर्ने ।<br>ग)अपागंता भएका व्यक्तिहरुका लागि आवश्यकता अनुसार शैक्षिक संस्था निर्माण गर्न लगाउने तथा शैक्षिक सामग्री र जनशक्ति उपलब्ध गराउन नगरपालिकालाई सिफारिस गर्ने<br>घ)अपागंता भएका व्यक्ति तथा निजका परिवारलाई विभिन्न किसिमका सीपमूलक कार्यकमहरुको आयोजना | १)नियम १३ : अपागं उत्थान नगर समन्वय समितिको गठन गर्ने व्यवस्था भएको सम्बन्धमा , सो समितिबाट हुने काम अपागंता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ को नियम ६ उपनियम (१) बमोजिम रहेको स्थानीय समन्वय समितिबाट नै हुनेछ ।<br>२)नियम १४ मा समितिको काम, कर्तव्य र अधिकारलाई हटाउने । | नियम १३ र १४ मा भएको व्यहोरालाई हटाइएको । |

| | | | | |
|---|---|---|---|---|
| | | गर्ने गराउने ।<br>ङ)अपागंता भएका व्यक्ति तथा निजका परिवारलाई चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने गराउने ।<br>च)अपागंताको क्षेत्रमा काम गर्ने गैसस संग समन्वय गरी अपागंता भएका व्यक्तिहरुको लागि विभिन्न अवसरहरुको खोजी गरी कार्यान्वयन गर्ने गराउने ।<br>छ)अपागंता भएका व्यक्तिहरु भित्र रहेका विभिन्न प्रतिभाहरुलाई बाहिर ल्याउन प्रोत्साहन हुने किसिमका कार्यक्रमहरु आयोजना गर्ने गराउने। | | |

**प्रस्ताव नं. ६५.४**

**अपांगता भएका व्यक्ति परिचयपत्र वितरण कार्यविधि, २०७५ संशोधन सम्बन्धमा ।**

**निर्णय नं.६५.४**

अपांगता भएका व्यक्ति परिचयपत्र वितरण कार्यविधि, २०७५ मा देहाय बमोजिमको संशोधन गर्ने निर्णय गरियो ।

अपागंता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि,२०७५(संशोधन २०७७)

| सि.न | ऐन, नियम , कार्यविधि | भएको व्यवस्था | थप हुनुपर्ने | हटाउनु पर्ने |
|---|---|---|---|---|
| १. | अपागंता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि , २०७५ | | (१)नियम ३ क.मा थप , शारीरिक अगं वा प्रणालीमा भएको समस्या तथा कठिनाईको आधारमा अपागंता भएका व्यक्तिको वर्गीकरण :<br>१. शारीरिक अपागंता : स्नायु ,मांशपेशी र जोर्नी तथा हड्डीको बनावट एवं संचालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अगंको संचालन, प्रयोग र हिडडुलमा समस्या - जस्तै बालपक्षघात पोलियो, शारीरिक अगं विहिन, कुष्ठ प्रभाव, मासंपेशी विचलन(मस्कुलर डिस्ट्रोफी), जोर्नी र मेरुदण्ड सम्बन्धी स्थायी समस्या,क्लव फिट ,पैताला फर्केको, रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न असक्तता तथा सोह्र बर्ष उमेर पुगेको व्यक्तिमा उमेर बमोजिम हुनु पर्ने औषत उचाइ भन्दा ज्यादै कम उचाइ भएको व्यक्ति ।<br>२.दृष्टि सम्बन्धी अपागंता : दृष्टि सम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रुप र रगंको ज्ञान नहुने<br>क)दृष्टि विहिनता: औषधि, शल्य चिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुवै | |

| | | | |
|---|---|---|---|
| | | आखाले हातको औला दशफिटको दुरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलोलाइनको अक्षर (६÷१८)मा पढ्न नसक्ने व्यक्ति ।<br>ख)न्युन दृष्टियुक्त: औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दुरीबाट हातको औला छुट्याउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६÷१८)मा पढ्न नसक्ने।<br>ग)पूर्ण दृष्टिविहिन : पूर्णरुपमा उज्यालो वा अध्याँरो छुट्याउन नसक्ने व्यक्ति<br>३.सुनाइ सम्बन्धी अपागंता : सुनाइका अगंको बनावट एवं , स्वरको पहिचान , स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुट्याउन नसक्ने ।<br>क)बहिरा : असी डेसीबल भन्दा माथिको ध्वनि सुन्न नसक्ने वा संचारका लागि सांकेतिक भाषाको प्रयोग गर्नुपर्ने व्यक्ति ।<br>ख) सुस्त सुस्तश्रवण: सुन्नलाई श्रवण यन्त्र राख्नु पर्ने वा पैसठी देखि असी डेसिवल सम्मको ध्वनि सुन्न सक्ने व्यक्ति ।<br>४.श्रवण दृष्टिविहिन अपागंता : सुनाइ सम्वन्धी र दृष्टि सम्वन्धी दुवै अपागंता भएको वा दुईवटा इन्द्रिय सम्वन्धी अपागंताको संयुक्त अन्तरकिया रहेको व्यक्ति<br>५.स्वर र बोलाई सम्वन्धी अपागंता : स्वर र बोलाई सम्वन्धी अगंमा उत्पन्न कार्यगत सिमितताका कारण तथा बोल्दा स्वरको उतारचढावमा कठिनाइ, बोली स्पष्ट नहुने , बोल्दा शब्द वा अक्षर दोहोर्याउने व्यक्ति ।<br>६.मानसिक वा मनोसामाजिक अपागंता : मस्तिष्क र मानसिक अगंमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फुर्ति, स्मरण शक्ति ,भाषा, गणना जस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति<br>७. बौद्धिक अपागंता : उमेरको बृद्धि सगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा बाताबरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति - जस्तो डाउन्स सिन्ड्रोम समेत )<br>८. अनुबंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपागंता : अनुबंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न | |

| | | | | |
|---|---|---|---|---|
| | | | हुने शारीरिक अवस्थाको व्यक्ति ।<br>९. अटिज्म सम्बन्धी अपागंता : जन्मजात नशा वा तन्तुको विकास र सो को कार्यमा आएको समस्या भएको व्यक्ति (जस्तो संचार गर्न , सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकास सगै सामान्य व्यवहार नदेखाउनु , अस्वाभाविक प्रतिक्रिया देखाउनु , एउटै क्रिया लगातार दोहोर्याइरहनु , अरु संग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति)<br>१०. बहु अपागंता : एउटै व्यक्तिमा माथि उल्लेखित दुई वा दुई भन्दा बढी प्रकारका अपागंताको समस्या भएको व्यक्ति ( जस्तै : मस्तिष्क पक्षघात आदि )<br>(२)नियम ६ उपनियम १क मा थप गर्ने, स्थानीय समन्वय समितिको काम ,कर्तव्य र अधिकार :<br>क) बुटवल उपमहानगरपालिका भित्र रहेका अपागंता भएका व्यक्तिहरुको तथ्याकं संकलन गर्ने गराउने ।<br>ख) बुटवल उपमहानगरपालिका भित्र सार्वजनिक भवन निर्माण गर्दा अपागमैत्री भए नभएको अनुगमन गरी नभएको पाइएमा अपागमैत्री बनाउन उपमहानगरपालिकालाई सिफारिस गर्ने ।<br>ग) अपागंता भएका व्यक्तिहरुका लागि आवश्यकता अनुसार शैक्षिक संस्था निर्माण तथा शैक्षिक सामाग्री र जनशक्ति उपलब्ध गराउन उपमहानगरपालिकालाई सिफारिस गर्ने ।<br>घ) अपागंता भएका व्यक्तिको उत्थान तथा निजका परिवारलाई शसक्तिकरण , क्षमता विकास र विभिन्न किसिमका सीपमूलक कार्यक्रमहरुको आयोजना गर्ने गराउने<br>ङ) अपागंता भएका व्यक्ति तथा निजका परिवारलाई चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने गराउने ।<br>च) अपागंताको क्षेत्रमा काम गर्ने गैसस संग समन्वय गरी अपागंता भएका व्यक्तिहरुको लागि विभिन्न अवसरहरुको खोजी गरी कार्यान्वयन गर्ने गराउने ।<br>छ) अपागंता भएका व्यक्तिहरु भित्र रहेका विभिन्न प्रतिभाहरुलाई बाहिर ल्याउन प्रोत्साहन हुने किसिमका कार्यक्रमहरु आयोजना गर्ने गराउने ।<br>ज) वडा स्तरमा अपागंता भएका व्यक्ति तथा निजका अभिभावकहरुको सहभागितामा संरचना गठन तथा परिचालनमा सहजीकरण समन्वय गर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| | | | (२) नियम ६ उपनियम १को ङ१ मा सामाजिक विकास महाशाखाको प्रमुख सदस्य थप गर्ने ।<br>(३) नियम ७ (छ) थप , कसैले पनि झुट्टा विवरण दिई अपाङ्गताको परिचय पत्र प्राप्त गरेकोमा झुट्टा विवरणबाट नियमानुसार वर्गीकरण अनुरुपको परिचय पत्र नभएको भनी गुनासो आएकोमा समन्वय समितिले जाँचबुझ गरी परिचय पत्र कार्डको हेरफेर तथा रद्द समेत गर्न सक्नेछ । | |

**प्रस्ताव नं. ६५.५**

**संक्षिप्त वातावरणीय परीक्षण अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यविधि, २०७७ सम्बन्धमा ।**

**निर्णय नं.६५.५**

संक्षिप्त वातावरणीय परीक्षण अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यविधि, २०७७ आजको बैठकमा पेश भई टेबुल गरियो । सम्बन्धित विषय विज्ञहरु सहित सम्बन्धित समितिमा छलफल गराई आगामी बैठकमा निर्णयका लागि पेश गर्ने ।

**प्रस्ताव नं. ६५.६**

**स्वास्थ्य संस्था दर्ता, अनुमति, नवीकरण सम्बन्धी निर्देशिका, २०७७ सम्बन्धमा ।**

**निर्णय नं.६५.६**

बुटवल उपमहानगरपालिका क्षेत्रभित्र नयां स्वास्थ्य संस्था दर्ता गर्न,अनुमति दिन र नगरको मातहत रही संचालन भएका स्वास्थ्य संस्थाहरुको अनुगमन तथा नियमन गर्न स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३,११(झ) ले प्रदान गरेको अधिकार प्रयोग गरी प्रस्तावित स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण र नियमन मापदण्ड सम्बन्धी निर्देशिका,२०७७ आजको बैठकमा पेश भई टेबुल गरियो । सम्बन्धित विषय विज्ञहरु सहित सम्बन्धित समितिमा छलफल गराई आगामी बैठकमा निर्णयका लागि पेश गर्ने ।

**प्रस्ताव नं. ६५.७**

**योजना संचालन तथा कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं.६५.७**

बुटवल उप-महानगरपालिकाबाट स्वीकृत बजेट तथा कार्यक्रमहरु मध्ये स्थानीयको माग , आवश्यकता र औचित्यतालाई दृष्टिगत गरी स्वीकृत भएका स - साना आयोजनाहरुको कार्यान्वयनमा सहज र सहजिकरण गर्न आवश्यक र उपयुक्त समेत हुने हुंदा बढीमा रु.२५ लाख सम्म कुल लागत अनुमान भएका स-साना पूर्वाधार सम्बन्धी आयोजना सञ्चालन वडा कार्यालयबाट हुने आर्थिक कारोवार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ बमोजिम वडा कार्यालयहरुबाटै सम्झौता गरी कार्यान्वयन प्रकिया अघि बढाउने अधिकार वडा कार्यालयहरुलाई प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६५.८**
**नदीजन्य पदार्थको रकम बाँडफाँट सम्बन्धमा ।**
**निर्णय नं.६५.८**

सीमा नदीको राजश्व बाँडफाट सम्बन्धमा यसअघि भएको सम्झौता बमोजिम सैनामैना नगरपालिकालाई सीमा नदीवाट संकलित राजश्वको ४०% प्रतिशत रकम विभाज्य कोषमा राख्ने गरी बांकी रकमको ५०% प्रतिशत रकम सैनामैना नगरपालिकालाई उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६५.९**
**प्रोत्साहन भत्ता सम्बन्धमा ।**
**निर्णय नं.६५.९**

बुटवल उपमहानगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रममा विनियोजित चालु भैपरी खर्च शीर्षकवाट कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता शीर्षकमा रु.१ करोड ६५ लाख बजेट व्यवस्था गर्ने र २०७७ श्रावण र भाद्र महिनामा भएको खर्च समेत सोही शीर्षकमा समायोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६५.१०**
**आय ठेक्का सम्बन्धमा ।**
**निर्णय नं.६५.१०**

यस बुटवल उपमहानगरपालिकाका देहाय वमोजिमका हाटवजारहरु र लुम्विनी वस टर्मिनल आ.व. ०७७/०७८ र ०७८/०७९ गरी २ आ.व.का लागि प्रतिस्पर्धावाट ठेक्का मार्फत् संचालन व्यवस्थापन गर्नका लागि तपसिल वमोजिम न्यूनतम ठेक्का अंक कायम गरी कानून वमोजिम ठेक्का वन्दोवस्ती गर्ने निर्णय गरियो ।

तपसिल

**१. लुम्विनी वस टर्मिनल संचालन व्यवस्थापन वुटवल –९**

| सि.नं. | ठेक्काको विवरण | यस अधिको ठेक्का समाप्त भएको मिति | यस अधिको ठेक्का समय २ वर्षको ठेक्का अंक | आ.व.०७७/०७८ र ०७८/०७९ २ वर्षको लागि प्रस्तावित न्यूनतम ठेक्का अंक(सरकारी कर वाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | लुम्विनी वस टर्मिनल संचालन व्यवस्थापन | २०७७/०३/३१ | २,४७,०१०००/०० | २,४७,०१०००/०० | वस टर्मिनल सेवा शुल्क असुली,टर्मिनल भित्रको शौचालय संचालन व्यवस्थापन र टर्मिनल भित्र रहेका तोकिएका पसलहरुको दैनिक वहाल असुली समेत |

२.नगर क्षेत्रभित्र ठेक्कावाट संचालन व्यवस्थापन गर्नुपर्ने हाटवजारहरुको विवरण

| सि.नं. | हाटवजार संचालन हुने स्थान | वडा नं. | हाटवजार संचालन हुने दिन | ठेक्का समाप्त भएको/हुने मिति | यस अघि २ वर्षको आय ठेक्का अंक | आ.व.०७७/०७८ र आ.व.०७८/०७९ गरी २ आ.व.को लागि प्रस्तावित न्यूनतम ठेक्का अंक (सरकारी कर वाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वुटवल हाटवजार लाइन | ५ | वुधवार र शनिवार तथा मंगलवार र शुक्रवार | २०७७/०३/३१ | ११०२२०००/०० | ११०२२०००/०० | |
| २ | दीपनगर हाटवजार | ७ | सोमवार र विहीवार | २०७७/०३/३१ | २००००००/०० | २००००००/०० | |
| ३ | देवीनगर हाटवजार | ११ | मंगलवार र शुक्रवार | २०७७/०३/३१ | ११५४०००/०० | ११५४०००/०० | |
| ४ | नयांगांउ हाटवजार | १२ | आइतवार र विहीवार | हाटवजार संचालन हुने दिनदेखि ११८ दिनसम्म ठेक्काको म्याद रहने | ४५०५००/०० | ४५०५००/०० | |
| ५ | मोतिपुर रानीगंज हाटवजार | १७ | आइतवार र वुधवार | २०७७/०३/३१ | ६३००००/०० | ६३००००/०० | |

नोटः १.ठेक्का अवधि २ आर्थिक वर्ष भए तापनि कार्यादेश भएको मितिले अवधि गणना गरी २०७९ असार मसान्तसम्म मात्र कायम हुने र ठेक्का समय ( दिन) का आधारमा ठेक्का अंक गणना गरिनेछ ।

२. तोकिएका हाटहरुमा उल्लेखित वारहरुका अतिरिक्त अन्य वारहरुमा समेत हाट संचालन हुने गरी निर्णय भई हाट संचालन भएमा कवोल अंकमा ३०% रकम वृद्धि गरी किस्ता रकम लिने र थप किस्ता वरावरको वैंक ग्यारेण्टी समेत थप गर्न लगाउने ।

**प्रस्ताव नं. ६५.११**

**कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७६(संशोधन, २०७७) सम्बन्धमा ।**

**निर्णय नं.६५.११**

कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७६(संशोधन २०७७) को वुदाँ ५(ख)मा कृषि सहकारी संस्था पछि एवं कृषक समुह थप गर्ने , वुदा ५(ख)को दोश्रो वाक्य "यो कार्यक्रम खाद्यान्न वाली धान,गहुँ तथा मकैको उन्नत र मूल वीउ उत्पादनका लागि संचालन गरी उत्पादन उत्पादकत्व वृद्धि गर्ने उद्धेश्यका लागि संचालन गरिने छ ।" **को ठाउँमा** " यो कार्यक्रम खाद्यान्न वाली धान ,गहुं तथा मकैको मूल वीउ उत्पादनका लागि प्रजनन वीउ, उन्नत वीउ उत्पादनका लागि मूल वीउ र खाद्यान्न वाली उत्पादनका लागि उन्नत वीउमा अनुदान दिई उत्पादन उत्पादकत्व वृद्धि गर्ने उद्धेश्यका लागि कार्यक्रम संचालन गरिने छ ।" साथै वुदाँ ५(ख)(१)मा कृषि सहकारी संस्था पछि एवं कृषक समुह थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६५.१२ विविध ।**

**प्रस्ताव नं. ६५.१२.१**

**कालिकापथ सडकको प्रस्थान बिन्दु सिन्दुर होटल अगाडिको सडकको निकासका लागि डिपिआर तयारी सम्बन्धमा ।**

**निर्णय नं. ६५.१२.१**

कालिकापथ सडकको प्रस्थान बिन्दु सिन्दुर होटल अगाडिको सडकको निकासका लागि डिपिआर तयार गर्न भौतिक पूर्वाधार विकास मन्त्रालय ५ नं. प्रदेश सरकारमा अनुरोध गरिएकोमा सो अनुमोदन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६५.१२.२**

**हाटबजार संचालन सम्बन्धमा ।**

**निर्णय नं.६५.१२.२**

कोभिड-१९ कोरोना भाइरसका कारण २०७६ चैत्र ६ गतेदेखि नगर क्षेत्रभित्रका हाटवजारहरु वन्द भएकोले हाटवजारवाट जिविका चलाउने श्रमजीवी वर्गहरुलाई दैनिक रोजी रोटीको समस्या भै रहेको र नगरको राजश्व असुलीमा समेत प्रत्यक्ष प्रभाव परेको छ । वर्तमान स्वास्थ्य संकटका वेला स्वास्थ्य सुरक्षा सतर्कता अपनाउदै जनजीवनलाई सामान्य बनाउदै लैजान जरुरी र आवश्यक समेत भएकोले २०७७ असोज १ गतेदेखि देहाय बमोजिमको न्यूनतम सतर्कता अपनाई हाटवजारहरु नियमित संचालन गर्ने निर्णय गरियो ।

**अपनाउनुपर्ने न्यूनतम सतर्कता:**

१. धेरै जना जमघट हुने हाटवजारहरु (वुटवल ५ को हाटवजार, दीपनगर र देवी नगर हाटवजार) साविकमा हाटवजार लाग्ने दिन वाहेक अन्य सवै दिनमा पनि अर्को निर्णय नभए सम्मका लागि संचालन गर्ने ।
२. उपरोक्त वाहेकका अन्य हाटवजारहरु साविकमा जस्तै तोकिएको वार मात्र संचालन गर्ने ।
३. धेरै जमघट हुने हाटवजारहरुमा प्राविधिक रुपमा सहज भएको खण्डमा हातधुने सुविधाका लागि आवश्यक व्यवस्था गर्ने । हात धुने व्यवस्था भए पछि त्यसको संरक्षण रेखदेख हाटवजार व्यवसायी संघले गर्ने ।
४. हाटवजार व्यवसायी संघको समन्वयमा हाटवजार प्रवेश स्थलमा स्वास्थ्य सतर्कता अपनाउने संवन्धी सन्देशमूलक सूचना राखी व्यानरहरु राख्ने ।
५. हाटवजारमा केता तथा विक्रेता सवैले स्वास्थ्य सुरक्षा सतर्कता अपनाउने । स्वास्थ्य सुरक्षा नअपनाउने लाई रु. १००/०० तत्काल जरिवाना गर्ने ।
६. व्यवसायीहरुले अनिवार्य रुपमा परिचय पत्र लगाउने ।
७. हाटवजार व्यवसायी संघको सहभागितामा संवन्धित वडाका जनप्रतिनिधिहरुको समन्वयमा हाटवजारको नियमित अनुगमनको व्यवस्था गर्ने ।
८. हाटवजारमा खुल्ला रुपमा विक्री गरिने जस्तै ममः चाउमिन ,समोसा मटर, फुल्की चाट, जेरी पुरी लगायतका तैयारी नास्ता विक्री गर्न पाइने छैन ।
९. हाटवजारमा माछा, मासुजन्य वस्तु विक्री वितरण गर्न पाइने छैन ।
१०. २०७७ असोज १५ सम्म परीक्षणका लागि हाटवजार वैठकी शुल्क निःशुल्क गर्ने ।
११. स्वास्थ्य सुरक्षा मापदण्ड पालना नभएको पाइएमा जुनसुकै समयमा हाटवजार संचालन वन्द गर्ने ।
१२. तोकिएको चौकिल्ला वाहेक सडक पेटीमा विक्री वितरण गर्न नपाउने । तोकिएको भन्दा अन्य क्षेत्र सडक पेटीमा लगाएका वैठकी शुल्कको अतिरिक्त थप जरिवाना रु.१००/०० लगाउने ।

**प्रस्ताव नं. ६५.१२.३**

**निर्णय अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं.६५.१२.३**

मिति २०७७०४।२९ मा बसेको कार्यपालिकाको बैठकको निर्णय नं. ६४.६ कार्यान्वयन सम्बन्धमा मिति २०७७०५।१८ मा प्रमुखबाट भएको निर्णयलाई अनुमोदन गरियो ।

**प्रस्ताव नं. ६५.१२.४**

**बिधुत प्राधिकरण लाई रकम निकासा दिने सम्बन्धमा ।**

**निर्णय नं. ६५.१२.४**

कालिकापथलाई नमुना सडकको रुपमा निर्माण गर्ने गरी अघि बढाइ दुवै तर्फ नाली निर्माणको काम करिब सम्पन्न भएको र बिधुत पोलहरु सडकको दुवै तर्फ विस्तार गर्न नेपाल विद्युत प्राधिकरणले रकम माग गरि मिति २०७७०५।३० मा अनुरोध गरी पत्र पठाएको छ । पछि कार्य सम्पन्न गरी प्रतिवेदन दिने गरी नेपाल विद्युत प्राधिकरण बुटवल वितरण केन्द्रलाई सो प्रयोजनका लागि नगर सभाबाट विनियोजित रकम रु २६ लाख विधुत प्राधिकरणले पछि उक्त कार्य सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन पेश गरेपछि फर्छ्यौट गर्ने गरी पेश्की स्वरुप रकम उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६५.१२.५**

**सामाजिक परिचालक सम्बन्धमा ।**

**निर्णय नं. ६५.१२.५**

यस बुटवल उपमहानगरपालिकामा स्थानीय विकास कोष संचालन कार्यक्रम तर्फ कार्यरत रिता पाठक गैरेले स्वेच्छिक राजीनामा दिइ स्वीकृत समेत भएको हुँदा उक्त कोष तर्फको कार्यक्रम परिचालन गरी कार्यान्वयन गर्न तत्काल आवश्यक भएको हुँदा आगामी नगरसभा बैठकमा दरवन्दी समायोजन एवं थप गर्ने गरी सहायक स्तर चौथो तहको (सामाजिक परिचालक) पद सृजना गरी करार सेवामा पूर्ति गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६५.१२.६**

**अमानतमा बसपार्क संचालन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ६५.१२.६**

कोभिड-१९ का कारण लामो समयदेखि सार्वजनिक सवारी साधनहरु संचालन नभएका कारण बन्द रहेको लुम्बिनी बस टर्मिनल यहि २०७७ आश्विन १ गते देखि सार्वजनिक यातायातका साधन संचालन हुने भएको हुँदा ०७७ आश्विन ५ गते देखि अर्को व्यवस्था नभएसम्म अमानतमा संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६५.१२.७**

**समवेदना प्रकट सम्बन्धमा ।**

बुटवल उपमहानगरपालिका वडा नं. १० निवासी यस कार्यपालिकाकी सदस्य श्री माया वरालकी ममतामयी माता श्री डण्ड कुमारी वि.क. को मिति २०७७०५।१ गतेका दिन ७७ वर्षको उमेरमा असामयिक निधन भएको हुँदा मृत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस भन्ने कामनाका साथ यो बैठक हार्दिक समवेदना प्रकट गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।